# मनराशिसवा नगरपालिका
# Manarasishwa Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Officie Of The Municipal Executive

मनरा,महोत्तरी/Manara,Mahottary

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
प्रदेश नं. २, नेपाल

प.स./Reference No. : ७५/७६

च.नं./Dispatch No. : ४५९

प्रदेश नं.२ नेपाल/ Province No.2,Nepal

मितिः२०७६।०३।०६/ Date:

श्री सबै वडा कार्यालय
मनराशिसवा नगरपालिका
महोत्तरी ।

विषयः माँग संकलन गरी पठाईदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ को प.स. २०७५।७६ च.नं. १८९५ मिति २०७६।०३।०४ गतेको प्राप्त पत्रानुसार आ.व. २०७६।७७ को लागि वैकल्पिक तथा नविकरणीय उर्जाको कार्यक्रम अन्तर्गत घरायसी बायोग्यास प्लाण्ट जडान,घरेलु सौर्य उर्जा प्रणाली जडान र रकेट वा सुधारिएको फलामे चुलो जडान गर्ने कार्यक्रम रहेकोले सो सम्बन्धि १५ दिने सुचना टाँस गरी प्राप्त निवेदन यस नगरपालिकामा बुझाउनु हुन अनुरोध छ । साथै उक्त निवेदनको ढाँचा र शर्तहरु यसै पत्र साथ संलग्न राखि पठाइएको छ ।

.......................................
रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Email-ID: manarasishwamun.gov@gmail.com

Website: manramun.gov.np

भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ बाट मिति २०७६/०२/२८ मा प्रकाशित सूचना बमोजिम निवेदनको ढाँचा

# रकेट वा सुधारीएको फलामे चुला जडानको लागि निवेदन

मिति :२०७६/  /

श्रीमान् सचिव ज्यू,
भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ ।

**विषय : रकेट वा सुधारीएको फलामे चुलो सम्बन्धमा ।**

महोदय,

उपरोक्त,
विषयमा.....................................जिल्ला......................................महा/उप/नगरपालिका/गाउँपालिका वडा नं.........टोल..........................................स्थित मेरो घरमा म तथा मेरो परिवारको कुनै सदस्यको नाममा हालसम्म रकेट वा सुधारीएको फलामे चुलो जडान नभएको र सो बापत भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा रकेट वा सुधारीएको फलामे चुलो जडान गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु ।

यस सम्बन्धमा मेरो परिवारको संख्या ....... जना रहेको छ । त्यस मन्त्रालय बाट मिति २०७६/०२/२८ मा प्रकाशित भएको सूचनाको अधिनमा रहि रकेट वा सुधारीएको फलामे चुलो जडान गरि पाउँ भनि यो निवेदन पेश गरेको छु ।

उल्लेखित व्यहोरा साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

(स्थानीय तह बाट आउने निवेदनको लागि मात्र )

उपभोक्ताको तर्फबाट
उपभोक्ताको हस्ताक्षर......................................
उपभोक्ताको नाम ..........................................
सम्पर्क नं..........................................(अनिवार्य)

स्थानीय तहको तर्फबाट सिफारिस
दस्तखत........................................
पद..............................................
आधिकारीक व्यक्तिको नाम....................................
स्थानीय तहको नाम...........................................
सम्पर्क नं............................................(अनिवार्य)
स्थानीय तहको कार्यालयको छाप

**प्रदेश सरकार**

**प्रदेश नं.२**

# भौतिक पुर्वाधार विकास मन्त्रालय

## जनकपुरधाम, धनुषा

## सम्भाव्य लक्षित बर्गको लागि रकेट वा सुधारीएको फलामे चुलो जडानको लागि निवेदन आव्हान गरिएको सुचना

सुचना प्रकाशित मिति : २०७६/०२/२८

प्रदेश सरकारले वा यस मन्त्रालयले आ.व.२०७६/७७ को लागि जैविक उर्जा कार्यक्रम अन्तर्गत रकेट वा सुधारीएको फलामे चुलो जडान गर्ने लक्ष्य तय गरेको छ। यस कार्यक्रम कार्यान्वयनको लागि निम्न सर्तहरु पुरा भएका घरधुरीहरुले आ-आफनो घरमा रकेट वा सुधारीएको फलामे चुलो जडान गर्न स्थानीय तह (वड, गाउँपालिका, महा/उप/नगरपालिका) मार्फत वा सिधै यस मन्त्रालयमा आईपुग्ने गरी मिति २०७६/०३/२८ गते भित्र निम्न ठेगानमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि र स्थानीय तहहरु लाई समेत सहयोगको लागि यसै सुचना मार्फत अनुरोध गरिएको छ।

**शर्तहरु**

- जैविक उर्जाको सम्भावना भएरपनि हालसम्म रकेट वा सुधारीएको फलामे चुलो प्रयोग नभएको घरधुरी हुनुपर्ने छ ।
- भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुनुपर्ने छ।
- एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्नमुख घरधनीले थप अनुदान मागँ गर्न आफू एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्मुख समूहमा पर्ने स्थानीय तहको सिफारिस पेश गर्नुपर्ने छ।

रीतपूर्वक वा म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। निवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा यस मन्त्रालयबाट नि.शुल्क प्राप्त हुने वा मन्त्रालयको वेवसाईट **www.mopid.p2.gov.np** बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ।


निवेदन पेश गर्ने ठेगाना

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२

उर्जा शाखा

जनकपुरधाम, धनुषा,

फोन नं.९८५१२३३६७४

**प्रदेश सरकार**
**प्रदेश नं.२**
# भौतिक पुर्वाधार विकास मन्त्रालय
## जनकपुरधाम, धनुषा

## सम्भाव्य लक्षित बर्गको लागि घरेलु सौर्य ऊर्जा प्रणाली जडानको लागि निवेदन आव्हान गरिएको सुचना

सुचना प्रकाशित मिति : २०७६/०२/२८

प्रदेश सरकारले वा यस मन्त्रालयले आ.व.२०७६/७७ को लागि घरेलु सौर्य ऊर्जा प्रणाली जडान कार्यक्रम अन्तर्गत घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्ने लक्ष्य तय गरेको छ। यस कार्यक्रम कार्यान्वयनको लागि निम्न सर्तहरु पुरा भएका घरधुरीहरुले आ-आफनो घरमा घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्न स्थानीय तह (वड, गाउँपालिका, महा/उप/नगपालिका) मार्फत वा सिधै यस मन्त्रालयमा आईपुग्ने गरी मिति २०७६/०३/२८ गते भित्र निम्न ठेगानमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि र स्थानीय तहहरु लाई समेत सहयोगको लागि यसै सुचना मार्फत अनुरोध गरिएको छ।

**<u>शर्तहरु</u>**

- हाल सम्म राष्ट्रिय प्रशारण लाइन तथा अन्य कुनै प्रकारको विद्युत सेवा नपुगेको हुनुपर्ने छ।
- सौर्य ऊर्जा प्रणाली जडान गर्ने घर आफ्नै स्वामित्वमा रहेको हुनुपर्ने छ।
- भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुनुपर्ने छ।
- एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्नमुख घरधनीले थप अनुदान मागँ गर्न आफू एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्मुख समूहमा पर्ने स्थानीय तहको सिफारिस पेश गर्नुपर्ने छ।

रीतपूर्वक वा म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। निवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा यस मन्त्रालयबाट नि.शुल्क प्राप्त हुने वा मन्त्रालयको वेवसाईट **www.mopid.p2.gov.np** बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

<u>निवेदन पेश गर्ने ठेगाना</u>

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२

उर्जा शाखा

जनकपुरधाम, धनुषा,

फोन नं.९८५१२३३६७४

भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ बाट मिति २०७६/०२/२८ मा प्रकाशित सूचना बमोजिम निवेदनको ढाँचा

# घरेलु सौर्य ऊर्जा प्रणाली जडानको लागि निवेदन

मिति :२०७६/ /

श्रीमान् सचिव ज्यू,
भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ ।

**विषय : घरेलु सौर्य ऊर्जा प्रणाली जडान सम्बन्धमा ।**

महोदय,

उपरोक्त,
विषयमा....................................जिल्ला.....................................महा/उप/नगरपालिका/गाउँपालिका वडा नं.........टोल............................................स्थित मेरो घरमा मेरो तथा मेरो परिवारको कुनै सदस्यको नाममा हालसम्म घरेलु सौर्य ऊर्जा प्रणाली जडान नभएको र सो बापत भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु ।

यस सम्बन्धमा मेरो परिवारको संख्या ....... जना र मेरो घर आफ्नै स्वामित्वमा रहेको छ । त्यस मन्त्रालय बाट मिति २०७६/०२/२८ मा प्रकाशित भएको सूचनाको अधिनमा रहि घरेलु सौर्य ऊर्जा प्रणाली जडान गरि पाउँ भनि यो निवेदन पेश गरेको छु ।

उल्लेखित व्यहोरा साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

(स्थानीय तह बाट आउने निवेदनको लागि मात्र )

उपभोक्ताको तर्फबाट
उपभोक्ताको हस्ताक्षर......................................
उपभोक्ताको नाम ........................................
सम्पर्क नं........................................(अनिवार्य)

स्थानीय तहको तर्फबाट सिफारिस
दस्तखत........................................
पद..............................................
आधिकारीक व्यक्तिको नाम....................................
स्थानीय तहको नाम...........................................
सम्पर्क नं.............................................(अनिवार्य)
स्थानीय तहको कार्यालयको छाप

प्रदेश सरकार

प्रदेश नं.२

# भौतिक पुर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, धनुषा


## सम्भाव्य लक्षित बर्गको लागि घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडानको लागि निवेदन आव्हान गरिएको सुचना

सुचना प्रकाशित मिति : २०७६/०२/२८

यस मन्त्रालयले आ.व.२०७६/७७ को लागि बायोग्यास जडान कार्यक्रम अन्तर्गत घरायसी बायोग्यास जडान गर्ने लक्ष्य तय गरेको छ । यस कार्यक्रम कार्यान्वयनको लागि निम्न सर्तहरु पुरा भएका घरधुरीहरुले आ-आफनो घरमा बायोग्यास जडान गर्न स्थानीय तह (वड, गाउँपालिका, महा/उप/नगपालिका) मार्फत वा सिधै यस मन्त्रालयमा आईपुग्ने गरी मिति २०७६/०३/२८ गते भित्र निम्न ठेगानमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि र स्थानीय तहहरु लाई समेत सहयोगको लागि यसै सुचना मार्फत अनुरोध गरिएको छ ।

**शर्तहरु**

- हाल सम्म बायोग्यास (गोबरग्यास) जडान नभएको घर परिवार हुनुपर्ने छ ।
- चार घनमिटर को लागि कम्तीमा एउटा गाई वस्तु र डेढधुर वा एक अना जमिन घर वरिपरि भएको हुनुपर्ने छ ।
- छ घनमिटर को लागि कम्तीमा दुई गाई वस्तु र साडे दुई धुर वा डेढ अना जमिन घर वरिपरि भएको हुनुपर्ने छ ।
- आठ घनमिटर को लागि कम्तीमा चार वटा गाई वस्तु र तिन धुर वा दुई अना जमिन घर वरिपरि भएको हुनुपर्ने छ ।
- भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान नलिएको हुनुपर्ने छ ।
- एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्न मुख घर धनीले थप अनुदान मागँ गर्न आफू एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्मुख समूहमा पर्ने प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पेश गर्नुपर्ने छ ।

रीतपूर्वक वा म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ । निवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा यस मन्त्रालयबाट नि.शुल्क प्राप्त हुने वा मन्त्रालयको वेवसाईट **www.mopid.p2.gov.np** बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

<u>निवेदन पेश गर्ने ठेगाना</u>

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२

उर्जा शाखा

जनकपुरधाम, धनुषा,

फोन नं.९८५१२३३६७४

भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ बाट मिति २०७६/०२/२८ मा प्रकाशित सूचना बमोजिम निवेदनको ढाँचा

# घरायसी बायोग्यास प्लाण्ट जडानको लागि निवेदन र पूर्व संभाव्यता अध्ययन फारम

मिति :२०७६/ /

श्रीमान् सचिव ज्यू,
भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ ।

**विषय :घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान सम्बन्धमा ।**

महोदय,
उपरोक्त विषयमा......................................जिल्ला......................................महा/उप/नगरपालिका/गाउँपालिका वडा नं.........टोल............................................स्थित मेरो घरमा मेरो तथा मेरो परिवारको कुनै सदस्यको नाममा हालसम्म बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान नभएको र सो बापत भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा बायोग्यास प्लाण्ट जडान गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु ।

यस सम्बन्धमा मेरो घरमा .......... घनमिटर बायोग्यास प्लाण्ट जडानको लागि आवश्यक पर्ने कम्तिमा ........ वटा गाईवस्तु भएको र प्लाण्ट जडानको लागी आवश्यक हुने कम्तिमा ............. धुर वा ............ आना जमिन मेरो घर वरिपरी आफ्नै स्वामित्वमा रहेको छ । त्यस मन्त्रालय बाट मिति २०७६/०२/२८ मा प्रकाशित भएको सूचनाको अधिनमा रहि घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान गरि पाउँ भनि यो निवेदन पेश गरेको छु ।

उल्लेखित व्यहोरा साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

(स्थानीय तह बाट आउने निवेदनको लागि मात्र )

उपभोक्ताको तर्फबाट
उपभोक्ताको हस्ताक्षर........................................
उपभोक्ताको नाम ........................................
सम्पर्क नं.........................................(अनिवार्य)

स्थानीय तहको तर्फबाट सिफारिस
दस्तखत........................................
पद...............................................
आधिकारीक व्यक्तिको नाम....................................
स्थानीय तहको नाम...........................................
सम्पर्क नं...........................................(अनिवार्य)
स्थानीय तहको कार्यालयको छाप